नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
(अनुमतिपत्र महाशाखा)

फोन नं. ४५३४१११, ४५११५३७, ४५१९५०१
फ्याक्स (९७७-१)-४५३९९०३
पोष्ट बक्स नं. २५००७
सानोगौचरण काठमाडौं, नेपाल

पत्र संख्या :- ०८२/८३
च. नं. :- ०१

मितिः २०८२/०४/०२

श्री अभियान रिन्यूएबल इनर्जी प्रा.लि.,
काठमाडौं, नेपाल।
फोन नः९८४३४२५९४६।

**विषयः विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्त सम्बन्धमा ।**

प्रस्तुत विषयमा तहाँबाट प्रस्तावित शे-फोक्सुण्डो जलविद्युत आयोजनाको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्त सम्बन्धमा पेश भएको दरखास्त माथि कारबाही हुँदा निम्न विवरणहरू उल्लिखित समयावधि भित्र पेश गर्न हुन यस विभागको मिति २०८२/०३/३० गतेको निर्णयानुसार जानकारी गराइन्छ।

क) प्रस्तावित क्षेत्र **शे-फोक्सुण्डो राष्ट्रिय निकुन्ज**मा पर्ने देखिएको हुनाले विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ (पाँचौ संसोधन) को दफा १२(५) बमोजिम सहमति **छ महिना** भित्र वन तथा वातावरण मन्त्रालयको सहमतिपत्र पेश गर्न र सो अवधि भित्र सहमति पेश गर्न नसकेमा दरखास्त रद्द हुनेछ।

ख) विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ (पाँचौ संसोधन) को दफा १० को उपदफा (३) को व्यवस्था बमोजिम **पैतिस (३५)** दिनको समयावधि भित्र निम्न विवरणहरू

- नोटराइज नभएको विवरण प्राप्त भएकोले नोटराइज गरिएको निम्न प्रवर्द्धक कम्पनी सम्बन्धी विवरणहरू
  - प्रवर्द्धक कम्पनी को दर्ताको प्रमाण पत्रको नोटराइज प्रतिलिपि,
  - प्रवर्द्धक कम्पनीको प्रबन्धपत्र, नियमावलीको नोटराइज प्रतिलिपि,
  - प्रवर्द्धक कम्पनीको प्यान दर्ता को नोटराइज प्रतिलिपि,
  - प्रवर्द्धक कम्पनीको शेयरवाला दर्ता किताबको नोटराइज प्रतिलिपि,
- प्रवर्द्धक कम्पनीको आ.व. २०८०/८१ को कर चुक्ता प्रमाण पत्रको नोटराइज प्रतिलिपि,
- प्रवर्द्धक कम्पनी अध्यावधिक सम्बन्धी कम्पनी रजिष्ट्रारको कार्यलयबाट जारी पत्रको नोटराइज प्रतिलिपि,
- प्रवर्द्धक कम्पनीको कम्तिमा अघिल्लो दुई आर्थिक वर्ष मध्ये एक आर्थिक वर्षको लेखा परीक्षण गरिएको वित्तीय विवरणहरूको नोटराइज प्रतिलिपि,
- प्रवर्द्धकको तर्फबाट सम्पर्क वा पत्राचार गर्न तोकिएको आधिकारिक/अख्तियारी प्राप्त व्यक्ति, पत्राचार गर्ने स्पष्ट ठेगाना सम्बन्धमा संचालक समितिको बैठकको निर्णयको प्रमाणित प्रति र अख्तियारी प्राप्त व्यक्तिको प्रमाणित परिचय पत्रको नोटराइज प्रति एवं सम्पर्क नं.,
- विभागबाट तोकिएको ढांचामा प्रवर्द्धक कम्पनीको UDIN no समेत खुलेको नेट वर्थ प्रमाण र सो लाई पुष्टि हुने कागजात/विवरणहरू,
- नेट वर्थ तयार गर्ने सि.ए संस्थाहरुको आ.व.२०८०/८१ को कर चुक्ता प्रमाण पत्र, दर्ता सम्बन्धी कागजात तथा नवीकरण भएको निस्साको नोटराइज गरिएको प्रतिलिपि,
- नोटराइज नभएको विवरण प्राप्त भएकोले नोटराइज गरिएको परामर्श दातृ संस्था दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर, कम्पनीको प्रबन्धपत्र, नियमावली तथा आ.व. २०८०/८१ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।

(सुजन निरौला)
इन्जिनियर